# सोलुखुम्बु कृषि गतिविधि

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको द्वैमासिक प्रकाशन

कृषि मूलश्च जीबनम्  The Solukhumbu Agricultrue Activities

बर्ष २ | अङ्क ५ | चैत्र-बैशाख २०७७/७८



**संरक्षक :**

श्री दुर्गा बहादुर तिरुवा,
निमित्त प्रमुख

**सम्पादक :**

श्री बबि बस्नेत
बाली संरक्षण अधिकृत
श्री प्रदिप कुमार यादव
कृषि प्रसार अधिकृत
श्री कुल बहादुर राई
अधिकृत स्तर छैटौं
श्री आदर्श कुमार सिंह
प्राविधिक स्तर पाँचौं

**मुद्रण :**

ज्वालामाई अफसेट प्रेस
फोन नं. ०३८-५२०३८९
ईमेल :
ychamling@gmail.com


## सम्पादकीय

नेपालको कुल जनसंख्याको करिब दुई तिहाई जनसंख्या कृषि पेशामा आबद्ध रहेका छन् । कृषि तथा वन क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा प्रदेश न.१ ले मात्रै ३६.३७ प्रतिशत योगदान गर्छ । संघिय लोकतान्त्रिक गणतन्त्रको निर्माण संगै संघ, प्रदेश र स्थानिय तह गरी तीन तहको सरकार रहेको विद्यमान संरचनामा प्रदेश सरकारको कार्यालय अन्तर्गत कृषि ज्ञान केन्द्र सोलुखुम्बुको स्थापना आ.व. ०७५/०७६ मा भएको हो । स्थानीय निकायहरुसंग समन्वय गर्ने तथा कृषि क्षेत्रमा व्यवसायिकरण आधुनिकरण गर्नुका साथै समग्र कृषि उत्पादनलाई प्रवर्द्धन गरि सोलुखुम्बु जिल्ला साथै समग्र देशलाई कृषिमा आत्मनिर्भर बनाउने यस कार्यालयको लक्ष्य हो । विषय विशेषज्ञहरुको टिम रहने ज्ञान केन्द्रमा स्थानीय स्तरमा आइपर्ने कृषकका समस्याहरुको प्राविधिक समाधान तुरुन्त उपलब्ध गराउने काम कृषि ज्ञान केन्द्र सोलुखुम्बुले गर्दै आएको छ। त्यसैगरी स्थानीय तहमा रहेका कृषि प्राविधिकहरुलाई समय समयमा उन्नत प्रविधिहरु सम्बन्धी क्षमता अभिवृद्धिका साथै कृषकहरु सिपमुलक तालिमहरु उपलब्ध गराउने जिम्मेवारी पनि ज्ञान केन्द्रले बहन गर्नुपर्ने हुन्छ ।

स्थानीय समस्यामा आधारित भएर माटोको खाद्य तत्वको परीक्षण गर्ने Soil Minilab, प्रयोगशाला सेवाहरु, प्राविधिक र कृषकहरुको क्षमता विकास, कृषि इन्टर्न, कृषि तथ्याङ्कहरु संकलन, कृषि व्यवसाय विकास सहयोग, कृषि व्यवसाय प्रवर्द्धनका लागि अनुदानका काम लगायत संघ र स्थानीय तह बिच सेतुको काम गर्ने जिम्मेवारी रहेको ज्ञान केन्द्रले स्थापनाको सुरुवाती वर्षहरु बाटनै कार्यविवरण अनुसारकै कार्यहरु गर्दै आएकोछ । संघीय संरचनामा मुलुक गएको परिपेक्षमा कृषि सेवा प्रवाहको सबै भन्दा सशक्त माध्यम हुन सक्ने, र तीनै तहका सरकारहरु बिचमा सेतुको काम गर्न सक्ने ज्ञानकेन्द्रहरुलाई सबैले अपनत्व लिदै यसलाई प्रभावकारी रुपमा सन्चालन गर्दै आवश्यकता अनुसार थप गर्दै लैजान सकेमा कृषि विकास मार्फत सम्वृद्ध नेपाल बनाउने सपनामा महत्वपूर्ण योगदान पुग्न सक्नेमा दुईमत छैन ।


प्रदेश सरकार
प्रदेश नं. १
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र सोलुखुम्बु**

फोन नं. : ०३८-५२०१३०, ९८५२८५११३०
ई-मेल : akcsolukhumbu@gmail.com


### यस भित्र :-


- रमाईलो बनभोज कार्यक्रम
- द्वैमासिक समन्वय तथा तथ्यांक अद्यावधिक बैठक कार्यक्रम
- कृषि यान्त्रिकरण अनुदानको लागि सुचना प्रकाशन
- व्यवसायिक बगैंचाका लागि फलफुल बिरुवा वितरण कार्यक्रम
- अनुदानग्राहि छनौट कार्यक्रम
- बार्षिक क्यालेन्डर प्रकाशन गरियो
- आई.पि.एम कृषक पाठशाला कार्यक्रम समापन
- जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रम
- कृषि यान्त्रिकरण अनुदानग्राही छनौट कार्यक्रम
- च्याउँ खेति प्रविधि

## रमाईलो बनभोज कार्यक्रम

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आयोजनामा मिति २०७७/१२/०७ गतेका दिन सोलुखुम्बु जिल्लामा रहेका कृषि प्राविधिकहरु सँगको रमाईलो बनभोज कार्यक्रम गुम्बा डाँडाँमा सम्पन्न गरियो ।









## द्वैमासिक समन्वय तथा तथ्यांक अद्यावधिक बैठक कार्यक्रम


कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार आठै वटा स्थानिय तह सोलुदुधकुण्ड नगरपालिका, थुलुङ दुधकोशी गाँउपालिका, नेचासल्यान गाँउपालिका, लिखुपिके गाँउपालिका, माप्य दुधकोशी गाँउपालिका, सोताङ गाँउपालिका, खुम्बु पासाङ गाँउपालिका र महाकुलुङ गाँउपालिकामा कार्यरत कृषि प्राविधिकहरुसँगको द्वैमासिक समन्वय तथा तथ्यांक अद्यावधिक बैठक कार्यक्रम मिति २०७७/१२/०८ गते सम्पन्न गरियो । बैठकमा कृषि ज्ञान केन्द्र सोलुखुम्बु र स्थानिय तहका प्राविधिकहरु गरि १५ जना सहभागि भएका थिए ।







## कृषि यान्त्रिकरण अनुदानको लागि सुचना प्रकाशन

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार मिति २०७७/१२/०८ गते कृषक, कृषक समुह, निजि फर्म/उद्यमी तथा व्यक्तिगत कृषक (एक वा एक भन्दा बढी) उपभोक्ताहरुलाई कृषि यान्त्रिकरण अनुदानको लागि पुर्ण आवेदन पेश गर्न १५ दिने अर्थात २०७७/१२/२२ गते कार्यालय समयभित्र कृषि ज्ञान केन्द्र सोलुखुम्बुमा दर्ता गर्नहुन सुचना प्रकाशित गरिएको थियो ।


प्रदेश सरकार
प्रदेश नं. १
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र सोलुखुम्बु

## व्यवसायिक बगैंचाका लागि फलफुल विरुवा वितरण कार्यक्रम

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७७/७८ को स्वीकृत व्यवसायिक बगैंचाका लागि फलफुल विरुवा वितरण कार्यक्रम अनुसार एभोकाडोको बिरुवा ५०% अनुदानमा वितरण गर्न पर्ने भएकोले थुलुङ दुधकोशी गाँउपालिका वडा नं. २ र ३ भित्रका इच्छुक कृषकहरुले विरुवा माग विवरण सहित उल्लेखित मापदण्ड भित्र रहि आवश्यक कागजातहरु सहित मिति २०७८/०१/२६ गते सम्ममा कार्यलय समय भित्र कृषि ज्ञान केन्द्र सोलुखुम्बुमा आबेदन दर्ता गर्न हुन भनि मिति २०७८/०१/१९ गते सुचना प्रकाशन गरियो ।


प्रदेश सरकार
प्रदेश नं. १
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र सोलुखुम्बु
सल्लेरी, सोलुखुम्बु

प. सं.०७७/७८
च.नं

नं.१ प्रदेश, नेपाल
मिति:

**व्यवसायिक बगैंचाका लागि फलफूल बिरुवा वितरण कार्यक्रम संचालन सम्बन्धी सूचना !**
प्रथम पटक प्रकाशित मिति: २०७८/०१/१९

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको यस चालु आ.व. ०७७/०७८ को स्वीकृत व्यावसायिक बगैंचाका लागि फलफूल बिरुवा वितरण कार्यक्रम अनुसार एभोकाडोको बिरुवा ५०% अनुदानमा वितरण गर्नु पर्ने भएको हुँदा थुलुङ दुधकोशी गाउँपालिका वडा नं. २ र ३ भित्रका इच्छुक कृषकहरुले बिरुवाको माग विवरण सहित उल्लेखित मापदण्ड भित्र रहि आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशित गरिएको मितिले ९ औं दिन (अर्थात् मिति २०७८/०१/२६ गते सम्ममा) कार्यालय समय भित्र यस कृषि ज्ञान केन्द्र सोलुखुम्बुमा आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै यस विषयमा थप जानकारीका लागि कार्यालयको फोन नं. ०३८-५२०१३० वा सूचना अधिकारी श्री कुल बहादुर राईको फोन नं.९८५२८२८०१५ मा सम्पर्क राख्न सकिने छ।

उल्लेखित मापदण्डहरु:

| क्र.स. | बाली | व्यवसायिक बगैंचाका लागि क्षेत्रफल | प्रति बिरुवाको परल मूल्य | कृषकले व्यहोर्ने प्रति बिरुवाको ५०% रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | एभोकाडोको बिरुवा | २ देखि ५ रोपनी सम्म | रु.१६०/- | रु.८०/- | जग्गा १८००मि.भन्दा तलको उचाईमा हुनु पर्ने। |

नोट:- बिरुवाको आपूर्ति र माग संख्याको आधारमा बजेटको परिधि भित्र रही बिरुवा थपघट गर्न सकिने छ ।
एभोकाडोको बिरुवा १८०० मिटर भन्दा माथीको उचाईमा व्यवसायिक बगैंचाका लागि बिरुवा वितरण गरिने छैन ।

निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु:
१. एभोकाडोको बिरुवा लगाउने जग्गाको कित्ता नं. / क्षेत्रफल / माग बिरुवा संख्या खुलेको निवेदन साथ रु. १०/-को हुलाक टिकट।
२. निवेदकको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
३. जग्गाधनी प्रमाण-पत्रको प्रतिलिपी ।
४. सम्बन्धित स्थानिय तह/वडा कार्यालयको सिफारिस पत्र।
५. माग गरेको बिरुवा वापतको ५०% रकम आवेदकले निवेदन पेश गर्दा कार्यालयमा बुझाउनु पर्ने छ ।

(दुर्गा बहादुर तिवारी)
सिमित प्रमुख

## अनुदानग्राहि छनौट कार्यक्रम

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार जिल्ला समन्वय समितिका प्रमुख श्री वीर कुमार राई ज्युको प्रमुख अध्यक्षतामा र सोलुखुम्बु जिल्लाका प्रदेश सभा सदस्य माननिय श्री बुद्धि कुमार राजभण्डारी ज्यु र माननिय उत्तम कुमार बस्नेत र जिल्ला प्रमुख अधिकारी सोलुखुम्बुका श्री गणेश विक्रम शाहि ज्युको ज्युको आतिथ्यतामा प्रस्ताव दर्ता गराएका कृषक, कृषक समुह, व्यवसायिक कृषक, फार्म, सहकारी संस्था मध्येबाट मिति २०७७/१२/२० गतेका दिन अनुदानग्राहि छनौट गरि छनौटमा परेका तपसिलकाकृषक, कृषक समुह, व्यवसायिक कृषक, फार्म, सहकारी संस्थाहरु मिति २०७७/१२/२२ गते देखि २०७७/१२/२९ गते सम्ममा सम्झौता गर्न आउन सुचना प्रकाशित गरियो ।


प्रदेश सरकार
प्रदेश नं. १
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र सोलुखुम्बु

## बार्षिक क्यालेन्डर प्रकाशन गरियो

कृषि ज्ञान केन्द्रको आयोजनामा २०७८ सालको बार्षिक क्यालेन्डर प्रकाशन गरियो।



## आई.पि.एम कृषक पाठशाला कार्यक्रम समापन:

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार एकिकृत शत्रुजीव व्यवस्थापन आई.पि.एम कृषक पाठशाला कार्यक्रम थुलुङ दुधकोशी गाँउपालिका वडा नं. २ काँगेलमा २५ जना सदस्य संख्या रहेको ज्वालामाई कृषक समुहमा मिति २०७७/१०/०२ गतेका दिन संचालन भएको थियो। कृषक पाठशालामा हटबेड नर्सरि तयार गरि टमाटरको बेर्ना उत्पादन गर्नुका साथै बोट देखी बोट र हार देखि हारको दुरी मिलायर बेर्ना समेत लगाईएको थियो। त्यस्तै कृषकहरुलाई रोग तथा कीरा पहिचान गर्न सिकाउनुका साथै तिनको नियन्त्रण गर्न झोलमल बनाउने प्रयोगात्मक ज्ञान पनि सिकाईएको थियो। उक्त कृषक पाठशाला कार्यक्रम १६ हप्ता पश्चात मिति २०७८/०१/२२ गतेका दिन प्रमुख आतिथ्यमा समापन गरिएको थियो। आफ्नो गाँउमा यस्तो कार्यक्रम पहिलो पटक भएको र यो कार्यक्रम बाट धेरै कुरा सिक्न पाएको भनाई कृषक पाठशालाका सदस्यहरुको थियो।








## जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रम:

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रम माप्य दुधकोशी गाँउपालिका वडा नं. ५ थलाखामा मिति २०७८/०१/२४ गते का दिन समापन गरियो। कार्यक्रममा दलित जनजागरण समुहका २५ जना कृषकहरुलाई झोलमल र जैविक मल बनाउने प्रयोगात्मक ज्ञान दिनुका साथै आवश्यक सामाग्री जस्तै प्लाष्टिक, ड्रम, जीवातु, स्प्रेयर, जैविक विषादी छर्दा प्रयोग हुने सामाग्री वितरण गरियो। कार्यक्रममा जैविक विषादीको परिचय, महत्व र बनाउने विधिका बारेमा कक्षा संचालन गरि तालिम पनि दिइयो।





## कृषि यान्त्रिकरण अनुदानग्राही छनौट कार्यक्रम

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७७/७८ को स्वीकृत कृषि यान्त्रिकरण लागि औजार उपकरण प्रयोग प्रबर्द्धन कार्यक्रम अनुसार जिल्ला समन्वय समितिका प्रमुख श्री वीर कुमार राई ज्युको प्रमुख अध्यक्षतामा र सोलुखुम्बु जिल्लाका प्रदेश सभा सदस्य माननिय श्री बुद्धि कुमार राजभण्डारी ज्यु र जिल्ला प्रमुख अधिकारी सोलुखुम्बुका श्री गणेश विक्रम शाहि ज्युको आतिथ्यतामा प्रस्ताव दर्ता गराएका कृषक, कृषक समुह, निजि फर्म/उद्यमी तथा व्यक्तिगत कृषक (एक वा एक भन्दा बढी) उपभोक्ताहरुलाई कृषि यान्त्रिकरण अनुदानको लागि मिति २०७८/०१/२० गतेका दिन अनुदानग्राहि छनौट गरि सुचना प्रकाशित गरियो ।



प्रदेश सरकार
प्रदेश नं. १
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र सोलुखुम्बु

सल्लेरी, सोलुखुम्बु

प.सं. ०७७/७८
च.नं. ९८०

नं.१ प्रदेश, नेपाल
मिति: २०७८-०१-२१

विषय: नामावली प्रकाशन गरिएको बारे।

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व.२०७७/०७८ को वार्षिक स्वीकृत कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यक्रम अनुसार मिति २०७७/१२/०८ गते प्रकाशित सूचना बमोजिम म्याद भित्र रितपूर्वक माग भै आएका निवेदनमा मिति २०७८/०१/२० गते बसेको अनुदानग्राही छनौट समिति बैठकको निर्णय अनुसार तपसिलका अनुदानग्राहीहरु छनौटमा पर्न सफल भएको हुदा सम्बन्धित सम्पूर्णमा जानकारीका लागि सफल अनुदानग्राहीहरुको नामावली सहित यो सूचना प्रकाशन गरिएको छ।

(दुर्गा बहादुर तिरुवा)
निमित्त प्रमुख

## च्याउँ खेति प्रविधि

**नाम:** बबि बस्नेत
बालि संरक्षण अधिकृत (अधिकृत/सातौं)

### पहिचान

च्याउ एक किसिमको हरितकण नभएको (ढुसी) बहुउपयोगी स्वादिष्ट पोष्टिक खाद्य पदार्थ हो । च्याउको नेपालमा खेती गरिर्दै आइएको छ, भने च्याउ बर्षादको समयमा वन जंगलमा पनि पाइन्छ । नेपालमा करिव ७ सय प्रजातिका च्याउँहरु पाइने गरेका छन् । नेपालमा कतिपय च्याउँहरु जंगलमा आफै उर्मने गर्छन् भने केही च्याउहरुको खेती समेत हुने गरेको छ । नेपालमा गोब्रे च्याउँ, कन्य च्याउँ, सिताके च्याउँ, रातो च्याउँ र पराले च्याउँ मुख्य रुपमा खेती गरिने गरिन्छ । च्याउँमा तरकारि र मासुमा पाईने सबै किसिमको प्रोटिन तत्वहरु पाईने भएकोले बच्चा देखि बुढाबुढीहरूमा अति उपयोगी छ । विश्वमा मात्र नभएर नेपालमा पनिच्याउ खाने मानिसहरूको सङ्ग्या दिन प्रतिदिन बढेसँगै यसको व्यवसाय पनि बढिरहेको छ । घरमै बसेर खेती गर्न सकिने र धेरै ठुलो

ठाँउ पनि नचाहिने तथा बेच्नलाई सजिलो भएकाले यसप्रतिको आकर्षण बढेको हो ।

### च्याउ खेतीको महत्व

च्याउ खेतीको महत्व  च्याउमा हाम्रो शरीरलाई आवश्यक पर्ने प्रोटिन, कार्बोहाइब्रेट, चिल्लो पदार्थ, भिटामिन र पानी प्रशस्त मात्रमा पाइन्छ । च्याउँमा  हाम्रो शरीरलाई आवश्यक पर्ने नौ वटै अमिलो एसिड पाइन्छ । च्याउँमा पानीको मात्र ९० प्रतिशत पाइने हुनाले यो एकदम महत्वपुर्ण मानिन्छ । च्याउँ क्यानसर, मुटु रो ग जस्ता रोगहरु लाग्नवाट बचाउँछ भने यसको पौष्टिकता माछा, मासु भन्दा बढी छ, त्यसैले नियमित त्यसमा च्याउ खाएमा कुपोषण लाग्नबाट बचाउँछ । गर्वभती महिलाको लागि चाहिने पौष्टिक खानेकुरामा च्याउँ पनि महत्वपुर्ण छ।गर्वभति महिलालाई हुन सक्ने वा सुत्केरी अवस्थामा हुन सक्ने पौष्टिक आहारको कमीले हुने विभिन्न कमी कमजोरीवाट बचाउँछ । च्याउ खेती कम खर्चवाट पनि सजिलै गर्न सक्ने हुदा गरि सकेपछि जीवनस्तर मद्दत पुर्याउँछ । च्याउँमा क्यालसियम पनि प्रशस्त मात्रमा पाइने हुदा बडि बलियो बनाउन सहयोग पयाउँछ । च्याउँ खेती गर्न धेरै श्रम नचाहिने हुदा  किसानहरु आफनो बचेको समयमा यसको खेती गर्न सक्छन् ।

### च्याउको बीउ कसरी छान्ने ?

घरमा खेती गर्नको लागि सबैभन्दा सजिलो च्याउ भनेको कन्ये च्याउ नै हो। नेपालमा विशेष गरी दुई जातका कन्ये च्याउ पाइन्छन् त्यी हुन प्लुरोट साजोर-काजु र प्लुरोट ओइस्ट्राटस आफुलाई उपयुक्त हुने बिउ छानेर लिन सकिन्छ ।

प्लुरोटस् साजोर- काजु जातको च्याउको खेती सामान्यतया ८००-१४०० मिटरको उचाइमा चैत्रदेखि कार्तिक महिनासम्म २०- ३०० सेन्टिग्रेड तापक्रममा गर्न सकिन्छ। ८०० मिटर भन्दा कम उचाइमा हो भने कार्तिक देखि माघ महिनासम्म २०-३० सेन्टिग्रेड तापक्रममा गर्न सकिन्छ। यो २८० सेन्टिग्रेड तापक्रम पाउँदा पुर्ण अवस्थामा फल्छ। प्लुरोट ओ इस्ट्राटस च्याउ हिउँदको मौसममा खेती गर्न राम्रो मानिन्छ। यसका लागि १५-२०० सेन्टिग्रेड तापक्रम राम्रो हुन्छ। प्रायः जसो कन्ये च्याउ फल्ने औसत तापक्रम २०-३० सेन्टिग्रेड हो।

### च्याउ खेतिका लागि चाहिने सामाग्रीहरू :

च्याउ खेति गर्नका लागि यी निम्न सामाग्रीहरू आवश्यक हुन्छन
प्लास्टिक ब्याग, प्लास्टिक सिट, छुरी/ हँसिया, चप्पर, डोरी, ड्रम, बाल्टिन, स्टोभ/ दाउरा/ चुलो, मट्टितेल, पराल, च्याउको बीउ, सिन्का/ तार, अल्कोहल/ स्प्रिट/ डिटोल, तराजु, मुखमा लगाउने मास्क, गमबुट, स्प्रेयर ट्याङ्क, विषादी, पी. एच. पेपर र थर्मोमिटर। सामान्यतया १ बोतल च्याउको बीउबाट १६ इन्च चौडाइ र २४ इन्च लम्बाइको प्लाष्टिकमा ३ देखि ४ वटा च्याउको डल्ला तयार गर्न सकिन्छ। १ बोतल च्याउको बीउका लागि करिब ५ के.जी नकाटेको परालको आवश्यकता पर्दछ।

### च्याउखेती प्रविधि

कन्ये च्याउलाई केराको पात, मकैको खोया वा खोसेल्टा र धानको परालमा खेती गर्न सकिन्छ। सबै ठाउँमा पाउन सजिलो भएकाले धेरैले पराल प्रयोग गर्छन्। विशेषगरी मुठे पराल राम्रो मानिन्छ। सफा पराल छानेर २ देखि ३ औल टुक्रा पारी काट्नु पर्दछ। त्यसपछि २ देखि ३ घण्टासम्म पानीमा भिजाउनुपर्छ र सफा पानी आउने गरी धुनुपर्छ। र पानी तर्काउनका लागि बोरा वा प्लाष्टिकमा खाँदेर वा टिनमाथि राख्नुपर्छ। परालमा रहेका आँखाले देख्न नसकिने अन्य जङ्गली तथा रोगी ढुसी, जीवाणु वा किराहरू मार्नका लागि निर्मलीकरण गर्नुपर्छ। निर्मलीकरण गर्न ड्रम, जाली र ठुलो प्लाष्टिक चाहिन्छ। ड्रममा जाली भन्दा केही तलसम्म पानी राखेर

पानी तर्किएको पराल जाली माथि राख्दै जानुपर्छ। पराल ड्रमको माथिल्लो भागसम्म पुगेपछि प्लाष्टिकले ड्रमको मुख टम्म पारेर बाँध्नुपर्छ। त्यसपछि ड्रमलाई चुलोमा राखेर बाल्दै जानु पर्छ। आगो बालेको आधा घण्टा देखि डेढ घण्टापछि मुखमा बाँधेको प्लाष्टिक बाफले माथि उठ्छ। त्यसपछि प्लाष्टिकबाट बाफ फाल्न बिचमा सानो प्वाल पार्नुपर्छ। पराल बफाउनुको उद्देश्य भनेको परालमा रहेका हानिकारक किरा रोगका किटानुहरु नष्ट गर्नु हो। पराल बफाउन ड्रम अथवा माटोको पोटासी प्रयोग गर्नुपर्छ। बफाउन प्रयोग गरिएको भाडोमा ५-६ इन्चसम्म पानी राखी त्यसमा ३-४ इटा राख्नुपर्छ। नभिजाएको पराल राम्ररी खाँदेर प्रयोग गरिएको भाडोको मुख राम्रोसँग छोप्नु पर्दछ। बफ्याइएको परालालाई सफा प्लाष्टिक वा त्रिपालमा राखेर मनतातो हुनेगरि सेलाउनुपर्छ र प्लाष्टिक ब्यागमा राख्नुपर्छ। जाडोमा ठुलो साइज अर्थात् २० इन्च चौडाइ र ३० इन्च लम्बाइको प्लाष्टिकमा र गर्मी समयमा सानो साइज अर्थात् १६ इन्च चौडाइ र २४ इन्च लम्बाइको प्लाष्टिकमा च्याउको डल्ला बनाउनु पर्दछ। तर पराल भर्नु भन्दा अगाडी प्लाष्टिक ब्यागको बन्द भागलाई मुजा पारी बलियोसँग बाँध्नु पर्दछ। प्लाष्टिकमा पराल लगाउनु अघि काठको छेस्को, कचौरा, हात, प्लाष्टिकको थैला, हँसिया आदि प्रयोग गरिने सामाग्री तथा उपकरणहरूलाई स्प्रिट, डिटोल, अल्कोहल आदिले राम्रोसँग पुछेर सफा गर्नुपर्दछ। प्रत्येक थैलोमा पराल राख्दै थिच्दै हरेक ४ इन्चमा च्याउको बीउ छरेर टम्म भर्नु पर्छ र परालालाई गोलो बनाइ बाहिरबाट घुमाइ घुमाइ थिच्नुपर्छ। यसरी यो प्रक्रिया सकिएपछि सबैभन्दा माथि पनि केही बीउ छरिदिने र प्लाष्टिकको मुख कसिने गरी बाँध्नु पर्छ। प्लाष्टिकको डल्लो जति खँदिलो भयो त्यति नै च्याउको उत्पादन राम्रो हुन्छ। डल्ला तयार भएपछि डल्लाको चारै तीर सफा सिन्कोले बिउको रेखाभन्दा तलमाथि प्वाल पार्नु पर्दछ। यसो गर्दा हावाको सञ्चालन प्रक्रियामा सजिलो हुन्छ। यी डल्लाहरूलाई एकै ठाउँमा राख्दा एकअर्कामा नछुने गरी कम्तीमा एक बित्ता वा २ देखि ३ इन्च टाढा इट्टा, फलेक वा ढुङ्गामाथि राख्नुपर्छ। कोठा सानो भएमा डल्लाहरूलाई झुन्डाएर राख्न पनि सकिन्छ। यिनीहरूलाई २५ देखि ३० डिग्री सेन्टिग्रेड तापक्रम भएको घाम नपर्ने अँध्यारो कोठामा राखेर झ्याल ढोका बन्द गर्नुपर्छ। ३/४ दिनको अन्तरमा पटक-पटक निरीक्षण गर्दै पुनः बन्द गर्नुपर्दछ। गर्मी महिनामा ढुसीको विकास हुन २१ दिनसम्म राख्नु पर्छ भने जाडो महिनामा २८ दिनसम्म लग्न सक्छ। डल्लाहरूमा पुर्ण रूपमा ढुसी फैलिइसके पछि प्लाष्टिकलाई सफा ब्लेड वा कैँचीले काटेर निकालीदिनु पर्छ। प्लाष्टिक निकालिएको ४ देखि ६ घण्टा पछि स्प्रेयरको सहायताले डल्लाको चारैतिर पर्नेगरि भिजाउनुपर्छ। यसरी दिनको दुई पटक वा आवश्यकता अनुसार पानी दिन सकिन्छ। यी डल्लाहरूलाई २० देखि ३० सेन्टिग्रेडको तापक्रम भएको हावा खेल्ने ठाउँमा राख्नुपर्छ। प्लाष्टिक खोलेको करिब एक हप्ता पछि च्याउ टिप्नका लागि तयार हुन्छ। च्याउ टिप्दा हातले च्याउको फेदमा समाएर पराल नआउने गरी घुमाएर टिप्नुपर्छ। टिप्दा एकैपल्ट डल्लाका सबै च्याउ टिप्नुपर्छ। टिपीसके पछि डल्लाहरूलाई चारै तिर माडेर त्यहाँ भएका स-साना च्याउका झुस फ्याँक्नुपर्छ र बेस्सरी माथिबाट थिच्नु पर्छ। यसरी थिचीसकेपछि यी डल्लाहरूबाट ७ देखि १० दिनको फरकमा पुनः च्याउ फल्दछ। यसप्रकारको एउटा डल्लाबाट ३ पटकसम्म राम्रो उत्पादन लिन सकिन्छ। ३ पटकसम्म च्याउ टिपीसकेपछि डल्लालाई २-३ तहमा च्यातेर थिचेर राखेमा फेरी उत्पादन लिन सकिन्छ। च्याउ उम्रीसकेपछि बाँकी रहेका डल्लालाई गाई/भैँसीलाई खुवाएर वा सोझै कम्पोष्ट खाडलमा गाडेर मल बनाउन सकिन्छ।

## च्याउको हेरचाह

कोठा धेरै चिसो छ भने झिँगा वा भुसुना आउने सम्भावना बढी हुन्छ। यस्तो बेलामा डल्लाहरूलाई प्लाष्टिक वा पातलो कपडाले छोप्न सकिन्छ। त्यस्तै च्याउ राखिएको ठाउँ बेलाबेलामा सफा गरिराख्नुपर्छ। च्याउको डल्लालाई च्याउ नफलेको बेलामा घाममा सुकाउनुपर्छ। डल्लालाई नियमित जाँच गरी हरियो कालो ढुसी आएमा उक्त भागलाई स्प्रिटले सफा गरेको चक्कुले काटेर सो ठाउँमा पनि स्प्रीट लगाउनु पर्दछ। त्यस्तै डल्लाहरूलाई मुसाबाट पनि बचाउनु पर्छ। डल्लामा कालो खालको जङ्गली च्याउ “कोप्रिनस कोमाटस” आएको देख्न सकिन्छ। यसको व्यवस्थापनका लागि डल्लामा कालो खालको च्याउ देखिने बित्तिकै टिपेर टाढा फाल्नु पर्दछ वा गाड्नु पर्दछ र उक्त च्याउ उम्रिएको भागमा स्प्रिटले सफा गर्नु पर्छ। कोठामा कार्बनडाइ अक्साइडको मात्रा बढी भएमा वा कोठामा राम्रोसँग प्रकाश वा हावा सञ्चालन भएन भने च्याउको डाँठ लामो, मोटो र बाङ्गो भएर च्याउ बिग्रिन सक्छ। त्यस कारण कोठाको व्यवस्था गर्दा दोहोरो हावा सञ्चालन हुने गरी व्यवस्था गर्नुपर्छ। डल्ला सुख्खा भएमा, कोठामा हावाको सञ्चालन नभएमा, धेरै गर्मी वा चिसो भएमा, पुरानो बीउ भएमा, गुणस्तरको पराल नभएमा राम्रोसँग ढुसी आउँदैन र डल्लामा च्याउ ढिलो आउँछ र कम फल्छ। त्यस कारण तापक्रम, बीउ र परालको गुणस्तरमा विशेष ध्यान दिनुपर्छ।

## च्याउको बजारिकरण

च्याउ उत्पादन गर्ने कृषकहरूले समुह वा सहकारी मार्फत सञ्चालन भएमा बिक्री वितरण क्रममा समस्या पर्दैन र सजिलैसँग राम्रो बजार भाउ पाउन सकिन्छ। बजार व्यवस्था नभएका ठाउँमा च्याउको प्रशोधन गरी ग्रेडिङ् गरेर प्याक गर्नुपर्दछ। प्याक स-साना बनाउनुपर्छ। यसबाट बिक्री गर्न सजिलो हुन्छ। च्याउलाई बिचबाट च्यातेर माला उनेर छायाँ भएको ठाउँमा सुकाउनु पर्छ, जसलाई च्याउको सुकुटी भनिन्छ। प्याकेजिङ्ग गर्दा पारदर्शी प्लाष्टिकलो झोलामा २५० ग्रामको दरले पोको बनाइ मुल्य तथा राम्रो लेबल राखेर बेच्ने व्यवस्था मिलाउनु पर्छ। च्याउलाई नाजिकैको बजार, होटेल तथा रेस्टुरेन्टमा लगेर बेच्न सकिन्छ।बजारको समस्या भएमा धेरै मान्छेहरू आउने जाने ठाउँ जस्तै मेला, मालपोत कार्यालय, जिल्ला विकास समिति जस्ता ठाउँहरूमा पम्प्लेट वा पोस्टरहरू टाँसेर प्रचार-प्रसार गर्न सकिन्छ।

